नेपाल वायुसेवा

मिति : २०८१/११/१५

# प्रेस विज्ञप्ती

**विषय : निगमका विमानहरुको उडानसम्बन्धी जानकारी ।**

नेपाल वायुसेवा निगमको सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरुमा आएका समाचारहरुप्रति निगमको गम्भिर ध्यानाकर्षण भएको छ । यस सम्बन्धी आम जनमानसमा पर्न गएको भ्रम निवारण गर्न र यथार्थ जानकारी दिने उद्धेश्यले यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

नेपाल वायुसेवा निगमले अन्तर्राष्ट्रिय प्रचलन अनुसार विमान निर्माता कम्पनी र नियमनकारी निकायले तोकेको मापदण्ड अनुसार मर्मतसम्भार गरि पूर्णरुपले उडानयोग्य भइसकेपश्चात यात्रुहरुको सुरक्षालाई उच्च प्राथमिकतामा राखी उडान संचालन गर्दै आइरहेको छ । तथापी, कहिलेकाहीं विमानमा आकस्मिक प्राविधिक समस्याहरु आउँदा छोटो समयको लागि विमान भुमिस्थ हुन सक्छन भने निगमको भण्डारमा भएको भन्दा फरक पार्टपुर्जा आवश्यक पर्ने भएमा सो पार्टपुर्जाको ब्यबस्थापन बाहिरी मुलुकबाट आयात गनुपर्ने अवस्थामा केहि दिन पनि लाग्न सक्दछ । निगममा रहेका दुईवटा Wide Body विमानहरुमध्ये एउटा विमान 9N-ALZ नियमितरुपले उडान गरिरहेको छ भने अर्को विमान 9N-ALY को लागि आवश्यक पर्ने पार्टपुर्जा आजै वेलायतबाट आइसकेकोले मर्मतसम्भार पश्चात उक्त विमान आजै काठमाण्डौं-दिल्लीको उडान गर्दैछ ।

निगमको एउटा Narrow Body विमान 9N-AKW Shenyang, China मा 5C-Check सम्पन्न गरिसकेपश्चात नियमानुसार गर्नुपर्ने Custom Clearance को प्रक्रियामा समस्या आई उडान अनुमती पुन: आवश्यक परेकोले सो विमान आगामी 1st March, 2025 शनिवारका दिन काठमाण्डौं आइपुगि नियमित उडानमा जानेछ । सो विमानको 5C-Check ढिलाई तथा अन्य कारणको सम्बन्धमा अध्ययन गरि यथार्थ विवरण केलाई कहीं कसैको कमिकमजोरी पाइएमा कर्मचारी, Maintenance and Repair Organization-MRO र Agent समेतलाई कानुनी प्रकृया अनुसार कारवाहीको सिफारिस सहित पेश

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np, info@nac.com.np, Web: www.nepalairlines.com.np

गर्न मिति २०८१/११/११ मा निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारीबाट तीन सदस्यीय छानबिन समिति समेत गठन गरिएको छ ।

अर्को Narrow Body विमान 9N-AKX को Nose Landing Gear मर्मतको लागि आवश्यक कानूनी र प्रशासनिक प्रकृया पुरा गरी दिल्लीस्थित Air India Engineering Services Ltd (AIESL) मा मर्मत गराउने योजना अनुरुप काठमाण्डौ-दिल्ली Ferry Flight को अनुमती नेपाल नागरिक उडड्यन प्राधिकरणबाट प्राप्त हुने वित्तिकै मर्मतको लागि दिल्लीतर्फ जाने र आवश्यक मर्मतपश्चात आगामी 1st March, 2025 शनिवारका दिनदेखि नियमित उडानमा रहनेछ ।

त्यसैगरी निगमको आन्तरिक उडानमा प्रयोग हुने एउटा Twin Otter विमान 9N-ABU मा आवश्यक Engine Installation पश्चात 4th March, 2025 बाट उक्त विमान नियमित उडानमा जानेछ भने त्यसको अर्को साता दोस्रो Twin Otter विमान 9N-ABT को पनि Engine Installation कार्य सकेर नियमित उडान सञ्चालन गर्ने योजना रहेको छ ।

यात्रुहरुको सुविधालाई ध्यानमा राखेर निगमको आफ्नै उडान वा उपलब्ध भएसम्म अन्य वायुसेवा मार्फत आ-आफ्नो गन्तब्यमा पुऱ्याउने कार्य भइरहेको र टिकट उपलब्ध नभएसम्मको लागि उचित होटेलबासको ब्यबस्था गरिएको समेत जानकारी गराउँदछौं । प्राविधिक समस्याको करणले सृजना भएको यस कठिन परिस्थितिमा यात्रुहरुलाई पर्न गएको असुविधाप्रति निगम क्षमायाचना गर्दछ ।

मनोज कुमार साह
प्रवक्ता (प्राविधिक)
नेपाल वायुसेवा निगम

रमेश पौडेल
प्रवक्ता
नेपाल वायुसेवा निगम